# रिब्दीकोट गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

प.सं.:– ०७८/०७९
च.न

Email: info@ribdikotmun.gov.np
website: www.ribdikotmun.gov.np

रिब्दीकोट गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय खस्यौली, पाल्पा लुम्बिनी, प्रदेश, नेपाल स्था २०७३

मिति २०७८/१०/२५

विषय: प्रतियोगितामा सहभागी हुने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा शिक्षा, युवा तथा खेलकुद शाखाको आ.व २०७८।०७९ को बार्षिक कार्यक्रम अनुसार यस पाल्पा जिल्ला भरका १६ देखि ४० बर्ष भित्रका युवाहरुलाई लक्षित गरी युवा नवप्रवर्तनात्मक विचार प्रर्दशन तथा प्रस्तुतीकरण प्रतियोगिता ("Youth Innovative Idea Hunt" Competition) संञ्चालन हुने भएकाले इच्छुक युवाहरुले यहि मिति २०७८ फल्गुण मसान्त भित्र संलग्न ढाँचा बमोजिम निवेदन रिब्दीकोट गाउँपालिकाको कार्यालयमा दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१.इच्छुक युवाले तोकिएको ढाँचामा निवेदन साथ नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र प्राप्त गरेको उपल्लो शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ ।

२.युवाले आफ्नो प्रतिभालाई कुनैपनि माध्यमबाट प्रस्तुत गर्न सक्नेछन । नवप्रवर्तनात्मक विचार (Innovative Idea) व्यक्ति, परिवार समाज र समग्र देशको रुपान्तरणमा सहयोग पुग्ने खालको हुनुपर्ने छ ।

३.युवाका विचारका क्षेत्रहरु विज्ञान तथा आधुनिक सूचना प्रविधि, वातावरण संरक्षण फोहरमैला व्यवस्थापन तथा सरसफाई प्रर्यटन उद्योग, सामाजिक जागरण उत्पादनमा वृद्धि, रोजगार सृजना स्थानीय स्रोतको अधिकतम उपयोग र परिचालन निर्यात प्रर्वद्धन तथा आयात प्रतिस्थापन, आर्थिक विकास, शैक्षिक गुणस्तर अभिवृद्धि, राष्ट्रको समृद्धिको सपना मार्ग चित्र आदि विषय संग सम्बन्धित हुनुर्नेछ

४. युवाका विचारहरुलाई हार्डकपि वा ई-कपिको माध्यमबाट प्रस्तुत गर्न सकिनेछ ।प्राप्त विचारलाई आयोजकले तोकेको मितिमा प्रर्दशनी तथा प्रस्तुतिकरण यहि २०७८ चैत्र पहिलो साता संञ्चालन हुनेछ । प्रतियोगिता हुने जानकारी दिईनेछ ।

५.विचार, प्रर्दशनी तथा प्रस्तुतीकरणमा सम्बन्धित क्षेत्रका विज्ञहरु रहेको मुल्याङ्कन समिति रहनेछ ।

स्थानिय तहमा प्रथम, द्धितिय र तृतिय हुने विचारले क्रमश रु दश हजार, रु सात हजार र चार हजार नगद पुरस्कार र प्रमाणपत्र प्राप्त गर्नेछन । प्रथम हुने विचारलाई प्रस्तुत सामाग्रीका साथ प्रदेशस्तरमा हुने प्रतिस्पर्धामा सहभागि गराईनेछ । प्रदेश स्तरको प्रतियोगितामा प्रथम, द्धितिय र तृतिय हुनेले क्रमशः रु पन्ध्र हजार, रु दश हजार र रु सात हजार पुरस्कार र प्रमाणपत्र प्राप्त गर्नेछन । यसैगरि प्रत्येक प्रदेशबाट प्रथम, द्धितिय र तृतिय हुने युवाहरु संघीयतहको प्रतियोगितामा सहभागि हुन पाउनेछन । संघीय तहको प्रतियोगितामा प्रथम, द्धितिय र तृतिय हुनेले क्रमश रु ३५ हजार, रु ३० हजार र रु २० हजार नगद पुरस्कार र प्रमाणपत्र प्राप्त गर्नेछन । उत्कृष्ट विचारहरु राष्ट्रिय रुपमा संकलन गरि आवश्यकता र सम्भाव्यताका आधारमा विभिन्न योजना र कार्यक्रममा उपयोग गरिन्छ ।

६. प्राप्त विचारहरुको प्रर्दशनी तथा प्रस्तुतिकरणलाई मुल्याङ्कन गर्दा यसको सृजनशिलता, प्रस्तुतिकरण शैलि, विचारको सैद्धान्तिक र व्यावहारीक पक्ष, विचार बाट उत्पादन हुने बस्तु वा सेवा, विचारको सान्दर्भिकता, उपादेयता, विश्वसनियता लगानि र प्रतिफल रोजगारी सृर्जनाको सम्भाव्यता तथा जोखिमको अवस्था आदिलाई आधार बनाईनेछ ।

मणि प्रसाद खनाल
शाखा अधिकृत

शाखा अधिकृत

वोद्यार्थ
श्री सूचना प्रविधि शाखा
वेभसाइटमा राख्ने र पाल्पाका सबै स्थानीय तहमा
सूचना टाँसका लागि पठाउने ।

# रिब्दीकोट गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

प.सं.:- ०७८/०७९
च.न

Email: info@ribdikotmun.gov.np
website: www.ribdikotmun.gov.np


श्री रिब्दीकोट गाउँपालिका
शिक्षा, युवा तथा खेलकुद शाखा
खस्यौली पाल्पा ।

मितिः२०७८/....../......

विषयः प्रतियोगितामा सहभागिहुन पाउँ ।

प्रस्तुत विषयमा तहाँको मिति २०७८/१०/२५ गते प्रकाशित सूचनामा उल्लेख भएको "Youth Innovative Idea Hunt" प्रतियोगितमा मैले तयार गरेको ........................विषयक सामाग्री सहित सहभागी हुनकोलागि तपशिल अनुसारको विवरण तथा कागजातहरु संलग्न गरि यो निवेदन पेश गर्दछु । यस कार्यक्रममा सहभागि हुंदको व्यक्ति खर्च कहि कतै पनि माग दावि नगर्ने व्यहोरा समेत अनुरोध गर्दछु ।

**निवेदनका साथ पेश गरेका कागजातहरु**

क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपी/ जन्म दर्ताको प्रमाण पत्रको प्रतिलिपी ।
ख) माथिल्लो शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी ।

निवेदकः
दस्तखतः
नाम थरः
निवेदकको ठेगानाः
स्थायीः जिल्ला..............गा.पा/न.पा.......................वडा नं........टोल....................
सम्पर्कःफोन/मोवाईल नं...........................ईमेल.......................................